# सङ्क्रमण

• मनोज बोगटी ।

दा–भिञ्चीका रङहरुले नभेटेका
सौन्दर्य पीढ़ाहरू छन् गाउँभरि।

फुलमानको गहभरि उठेका अर्थहरूको आगोले
चुम्किएका छन् हरेक प्लास्टिकको पुरुष।
प्लास्टिकको पुरुषहरूका चौढ़ादार छाती।

गाउँले मैनाको (मोनालिसा) त्यो अनुहारको
उदास आँखाहरूले बल्झाइ राखेका छन्
तिर्नु नसकेको ग्रामीण ब्याङ्कको ऋण।

❋

वर्गशास्त्रको अध्ययनमा नै छन्
द्रोणाचार्यहरू अझ।

एकलव्यहरू गाउँबाट निस्किएर
शहर पसेका छन्

❋

घाँटीमा टाई बाँधेको शहर
मफ्लर बाँधेका गाउँको सोझो अनुहार देखेर
संशोधनमा लागेका छन्
आफ्नो पुरानो बिजिनेश पोलिसि।

❋

संस्कार सङ्क्रमणको
अदुवापाने खुट्टामा
पेन्सिलहील लाएर
इन्द्रबहादुरको घरबाट नै कलसेन्टर धाउँदैछन्
जयभायाहरू!

❋

त्यसपछि
भटाभट प्रकाशित छन्
उत्तराधुनिक समय प्रविष्टीका
नयाँ शीर्षका कविताहरू।

❋❋